लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
गजेहडा, कपिलवस्तु ।

प.स-२०८०/०८१
च.न- १६

मिति:२०८०/०५/३१

## विषय: योजना सम्झौता गर्ने सम्बन्धमा ।

श्री संघ,संस्था तथा सामुदायिक विद्यालय/सामुदायिक क्याम्पसहरु
कपिलवस्तु र अर्घाखाँची जिल्ला ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका संघ, संस्था,विद्यालय र क्याम्पसहरुमा योजना तथा कार्यक्रमहरु परेकाले सम्बन्धित संघ, संस्था, विद्यालय र क्याम्पसहरुले पत्रमा उल्लेख भए बमोजिमका आवश्यक कागजात सहित योजना सम्झौताका लागि मिति २०८० असोज १५ गते भित्र उपस्थित भईदिनुहुन अनुरोध छ । तोकिएको समय भित्र सम्झौता नभएमा सम्बन्धित आयोजना कार्यान्वयन गर्न कार्यालय बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सम्झौता गर्दा पेश गर्नुपर्ने कागजातहरु:**

१. विद्यालयको हकमा वि.व्य.स. अध्यक्ष र प्र.अ.,क्याम्पसको हकमा संचालक समितिको अध्यक्ष र क्याम्पस प्रमुख र संघ/ संस्थाको हकमा अध्यक्ष/प्रमुख र सचिव/कोषाध्यक्षको संयुक्त हस्ताक्षर सहितको पत्र (सम्झौता गरी पाउँ भन्ने पत्र )
२. सम्बन्धित पदाधिकारीलाई सम्झौता गर्न अधिकार प्रदान गरिएको व्यवस्थापन समिति/संचालक समितिको निर्णयको प्रतिलिपि र नमुना दस्तखत ।
३. सम्बन्धित योजना सम्झौताका लागि संचालक समिति/वि.व्य.स./उपभोक्ता समितको निर्णयको प्रमाणित प्रतिलिपि । क्याम्पसहरुको हकमा कम्तिमा १५ % र विद्यालय ,संघ, संस्था र उपभोक्ता समितिहरुको हकमा १०% लागत साझेदारी गर्ने निर्णयको प्रमाणित प्रतिलिपि ।
४. सार्वजनिक खरीद ऐन, २०६३(संशोधन समेत) को दफा ८ मा व्यवस्था भएको खरीद विधि मध्ये जुन विधिवाट सामाग्री/निर्माण कार्य खरीद गर्ने हो त्यो विधि छनौट गरेको निर्णयको प्रतिलिपि ।
५. निर्माण कार्य उपभोक्ता समितिवाट गराउने हो भने संघ, संस्था, विद्यालय र क्याम्पसहरुको वि.व्य.स./संचालक समिति/समितिले आम भेला गरेर उपभोक्ता समिति र अनुगमन समिति गठन गरेको निर्णयको प्रमाणित प्रतिलिपि, परित भएको उपभोक्ता समितको विधान, उपभोक्ता समिति दर्ता प्रमाण पत्र, नवीकरण, उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि, उपभोक्ता संस्था संग गरिएको खरीद सम्झौताको प्रतिलिपि, लागत अनुमान, ।
६. सामाग्री/निर्माण कार्य बोलपत्र/सिलवन्दी दरभाउपत्र विधिवाट खरीद गर्नेहो भने सम्बन्धित सार्वजनिक निकायले आफै खरीद प्रकृया पूरा गर्ने हो व यस डिभिजन कार्यालयले खरीद प्रकृया पूरा गर्ने हो सो सम्बन्धी निर्णयको प्रतिलिपि ।
७. विद्यालय र क्याम्पसले आ.व. २०७८/०७९ को लेखा परीक्षण र आ. व. ०७९/०८० को सामाजिक परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
८. कुनै संघ, संस्थाको तर्फवाट सम्झौता गर्ने भएमा संचालक समितिको निर्णय,नविकरण भएको संस्थाको प्रमाण पत्र ,कर चुक्ता प्रमाण पत्र र लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी ।
९. सम्बन्धित स्थानीयतहको सिफारिस र खाता रहेको बैंकको चेकको प्रतिलिपि ।
१०. निर्माण गर्ने स्थलको जग्गा धनी प्रमाणपत्र वा भोगाधिकार पत्र (भौतिक निर्माणको हकमा मात्र) ।
११. प्रस्तावित योजनाको ड्रइङ डिजाइन, नक्सा,लागत अनुमान (यस कार्यालयमा २ कोठे र ४ कोठे भवनको ड्रइङ डिजाइन, नक्सा रहेकोले सोहि अनुसार गर्न चाहनेहरुको हकमा आवश्यक नहुने) । तर फरक ड्रइङ डिजाइन र नक्सा अनुसार योजना निर्माण गर्न चाहेमा संघ, संस्था, विद्यालय र क्याम्पसहरुले योजनाको स्वीकृत ड्रइङ, डिजाइन, नक्सा र लागत अनुमान पेश गर्नुपर्ने हुन्छ । (भौतिक निर्माणको हकमा मात्र)
१२. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समय सीमा सहितको स्पष्ट विस्तृत कार्ययोजना ।
१३. सामग्री खरिद सित सम्बन्धीत योजना अन्तर्गत खरिद गर्ने सामग्रीको विवरण सहितको समितिको निर्णय ।
१४. सामग्री खरिद सित सम्बन्धीत योजना अन्तर्गत यस पूर्व संघ, संस्था, विद्यालय र क्याम्पसहरुमा रहेको जिन्सी दाखिला प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
१५. ठेगाना नखुलेका संस्था र विद्यालयहरुले उक्त योजना आफ्नो हो भन्ने पालिकावाट सिफारिस तथा प्रमाण पुग्ने कागजात ।
१६. पेश्की आवश्यक भएमा निवेदन ।
१७. स्थानीय तहको आ. व. २०८०/०८१ को स्वीकृत दररेट ।
१८. थप जानकारी लिनको लागि मोबाईल न.९८५७०५००१३,९८५७०५००१४,९८५७०५४२०३ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

राम करन पाल
नि. कार्यालय प्रमुख

Email-sddokapilvastu2019@gmail.com
सम्पर्क:०७६-५५०४६८/९८५७०५००१३,१४

तपसिल

| क्र.सं. | कार्यक्रमको विवरण | स्थानिय तहको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपति प्रताप पुस्तकालयको स्तरोन्नति | | ५ लाख | |
| २ | भागवानदास मा.वि. अधुरो भवन निर्माण निरन्तरता, ठूलो बरगदवा, कपिलवस्तु न पा २ | कपिलवस्तु | २५ लाख | |
| ३ | विशेष अनुदानः ठूलो विद्यालयहरुमा विज्ञान शिक्षा विकासका लागि पुर्वाधार सहयोग कार्यक्रम(क्रमागत ) पुर्णकिशर मा वि शुद्धोधन | शुद्धोधन | ५० लाख | |
| ४ | विशेष अनुदानः ठूलो विद्यालयहरुमा विज्ञान शिक्षा विकासका लागि पुर्वाधार सहयोग कार्यक्रम(क्रमागत ) जनचेतना सामुदायिक मा वि, शिवराज | शिवराज | ५० लाख | |
| ५ | भगवती मा.वि. भुमिकास्थान न.पा. ७ भौतिक पूर्वाधार निर्माण | भुमिकास्थान | ४० लाख | |
| ६ | जिवनोद्धार मावि वाङलाको भौतिक पूर्वाधार निर्माण सन्धिखर्क-५ | सन्धिखर्क | २० लाख | |
| ७ | सरस्वति आ.वि.,मालारानी-९ | मालारानी | १० लाख | |
| ८ | पूर्वकिशर मा.वि.मा २कोठे भवन निर्माण, शुद्धोधन-१ | शुद्धोधन | १५ लाख | |
| ९ | महालक्ष्मी प्रा.वि. कपासीमा वाल बाउण्डरी निर्माण, शुद्धोधन-६ | शुद्धोधन | १३ लाख | |
| १० | दुर्गा भवानी कन्या मा.वि.को भौतिक पूर्वाधार निर्माण, महाराजगन्ज-१ | महाराजगन्ज | १२ लाख | |
| ११ | झिन्कल आ.वि. सौनबर्षाको कम्पाउण्डवाल तथा गेट निर्माण, महाराजगन्ज-८ | महाराजगन्ज | १२ लाख | |
| १२ | रामलखन आ.वि. बन्जरियाको भौतिक पूर्वाधार निर्माण, महाराजगन्ज-५ | महाराजगन्ज | १५ लाख | |
| १३ | दुर्गा भगवती मा.वि. नयाँ बस्तिको पूर्वाधार निर्माण, शिवराज-३ | शिवराज | १० लाख | |
| १४ | मावि अजिगराको पूर्वाधार निर्माण,कृष्णनगर-७ | कृष्णानगर | १० लाख | |
| १५ | मदरसा मोहमद सल्फिया प्रावि पूर्वाधार निर्माण, कृष्णनगर-८ | कृष्णानगर | १५ लाख | |
| १६ | हरियाली आ.वि.डुमरिया पूर्वाधार निर्माण, मायादेवी-३ | मायादेवी | १५ लाख | |
| १७ | राष्ट्रिय मावि अधुरो भवन निर्माण, कपिलवस्तु-१० | कपिलवस्तु | १५ लाख | |
| १८ | जनज्योति मा वि मोतिपुर रंग रोगन, बाणगंगा ७ | बाणगंगा | १५ लाख | |
| १९ | बाल मावि बैरियाको लकिङ्ग टायल, वाणगंगा-१ | बाणगंगा | १५ लाख | |
| २० | श्री तौलेश्वर नाथ संस्कृत मावि भवन निर्माण | कपिलवस्तु | १० लाख | |
| २१ | पशुपति प्रताप पुस्तकालय निर्माण कार्य | | १० लाख | |
| २२ | कपिलवस्तु बहुमुखी क्याम्पसलाई शैक्षिक सहायता | कपिलवस्तु | ५ लाख | |
| २३ | गौतमबुद्ध आधार प्रावि ब्लक बिछ्याउने कार्य, कपिलवस्तु-२ | कपिलवस्तु | १० लाख | |
| २४ | जनता आविको बाउन्ड्री वाल निर्माण, कपिलवस्तु-६ | कपिलवस्तु | १० लाख | |
| २५ | रंगपुर वाँसुदेव जनता मावि भवन निर्माण, यशोधरा-६ | यशोधरा | १५ लाख | |
| २६ | चन्द्र प्रभा मावि २कोठे भवन निर्माण, सन्धिखर्क-७ | सन्धिखर्क | १५ लाख | |
| २७ | कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठान, वाणगंगा-४ | बाणगंगा | ३० लाख | |
| २८ | मदरसा अल मर्काजुल ईस्लामी मायादेवी १ कपिलवस्तु भौतिक पूर्वाधार विकास | मायादेवी | ५० लाख | |
| २९ | खेलमैदान निर्माण शिवमदन उ मा वि पाणिनी ७ अर्घाखाँची | पाणिनी | ४ लाख | |
| ३० | खेलमैदान निर्माण हरिहर संस्कृत तथा साधारण नमूना उ मा वि पाणिनी २ अर्घाखाँची | पाणिनी | ४ लाख | |
| ३१ | साना अँधेरी खेलमैदान निर्माण भूमिकास्थान १० अर्घाखाँची | भूमिकास्थान | ४ लाख | |
| ३२ | खेलमैदान निर्माण पाणिनी गापा ६ अर्घाखाँची | पाणिनी | ३ लाख | |

राम करन पाल
नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ३३ | आदर्श मा वि को खेलमैदान स्तरोन्नती मालारानी ३ अर्घाखाँची | मालारानी | ४ लाख | |
| ३४ | कुदरबेटवा मदरसा जियाउल उलुम अल सल्फियाको पूर्णाधार निर्माण, शिवराज ६ | शिवराज | १० लाख | |
| ३५ | अपाङ्ग उत्थान समाज पूर्णधार निर्माण, बाणगंगा ४ | बाणगंगा | १० लाख | |
| ३६ | डिभर्ना धर्मपधेरा खेलमैदान स्तरोन्नती, सन्धिखर्क १२, अर्घाखाँची | सन्धिखर्क | १० लाख | |
| ३७ | विजयनगर गापा ३ महदेइया खेलमैदान | विजयनगर | २० लाख | |
| ३८ | भडाहरथुम खेलमैदान, मालारानी १ | मालारानी | १० लाख | |
| ३९ | बेलबोट खेलमैदान, खिल्जी, भूमिकास्थान ६ | भूमिकास्थान | १० लाख | |
| ४० | फाप्रेनी कभर्डहल निर्माण, सितगंगा ४ | शितगंगा | १० लाख | |

राम करन पाल
नि. कार्यालय प्रमुख